Government of Nepal
Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs & Culture
Nepal Copyright Registrar's Office

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन

## Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन

कार्तिक २९, २०६६ Volume 4, Issue 11 November 15, 2009

## Inside this issue

Regional Symposium Held on Copyright 2
Effort for IP Right 2
प्रतिलिपि अधिकार ....... (लेख) 3
रोयल्टी संकलन र वितरणमा निभाउनुपर्ने जिम्मेवारी.... (लेख) 4
CRBT मा साङ्गीतिक...... (लेख) 5
Notice for Study 6
Assistance for the Students 6
Copyright Training for Government Officers 7
Registration of Creations 8

**Chief Editor:**
Mr. Bir Bahadur Rai
**Editorial Team:**
Mr. Narayan Prasad Aryal
Mr. Ganga Bahadur Kharel
**Computer & Design:**
Mr. Dipendra Kachhipati
Mr. Ratnakaji Maharjan

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# Copyright Training for District Court Judges



More than two and half dozen district court judges participated in a two days long training in Dhulikhel, Kavre on "Different Aspects of Copyright and Related Rights" organized by Nepal Copyright Registrar's Office (NCRO) on October 15 to 16, 2009. NCRO organized the training for the judges with the expectation of bringing court decisions in favor of real creators in the future. Inaugurating the program, Mr. Mod Raj Dotel, Secretary, Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs and Culture requested the judges to internalize the importance of copyright and direct their future decisions against the deeds of right violators. He committed for trying his best for the establishment of specialized group in Nepal Police to deal only with the issues related to intellectual property. He urged other law enforcing bodies to be more sensible for the protection of the rights of creators who direct the nation in a right tract by their creations with valuable ideas. Speaking at the program, Mr. Jala Krishna Shrestha, Joint Secretary of the same Ministry stated the need of controlling the activities of unauthorized uses of creations for commercial purposes. Mr. Netra Prasad Neupane, Chief District Officer, Kavre and Chairman of the program assured all that he would work in the favor of creators if such cases arrived to him. Mr. Lekhnath Regmi, Judge, District Court, Kavre also presented his views in the program. Mr. Bir Bahadur Rai, Registrar, NCRO clarified about the aim of the training. He also made a warm welcome to all the distinguished participants. Except Rai five other renowned personalities like Mr. Kalyan Shrestha, Judge, Supreme Court, Mr. Kashi Raj Dahal, Chairman, Administrative Court, Dr. Ram Krishna Timalsena, Registrar, Supreme Court, Mr. Rajan Raj Panta, Controller, Office of the Controller of Certification and Mr. Santosh Sharma, Executive Director, Music Nepal presented papers on different issues at the two days long program. The program was ended by Mr. Kalyan Shrestha, Judge, Supreme Court with his high value ideas and opinions. The whole program was conducted by Mr. Narayan Prasad Aryal, Section Officer, NCRO.



## News and Events

# Regional Symposium Held on Copyright

A one day regional symposium on "Necessity of Copyright Protection, Complexities of Law Enforcement and the Responsibility of Stakeholders" held in Hetauda, Makawanpur on September 16, 2009. Nepal Copyright Registrar's Office (NCRO) organized the program in that region first time after its establishment. The objective of the program was to disseminate the information about copyright to the creators and sensitize the copyright law enforcement agencies spread in the region. The program aimed to aware all the concerned about their rights, responsibilities and limitations as well. The most important



objective was to demoralise the persons who were engaged in illegal reproduction and importation of the copyrighted materials taking the advantage of open frontier situation. It had aimed to inspire them to relinquish such deeds that were unauthorative and illegal.

Addressing the inaugural ceremony, Mr. Modraj Dotel, Secretary, Ministry of Federal Affairs, Constituent Assembly, Parliamentary Affairs and Culture accepted that there is lacking in the process of copyright law enforcement. He highlighted upon the necessity of establishment of field offices to secure the rights of real copyright owners. He requested the participants to play a role of intermediary to aware other people on copyright issues. He also showed necessity of joint effort to get emancipation from the increasing trend of copyright violation and the severe situation of the creators. Mr. Dotel made his commitment to provide all the assistance required to NCRO to fight against piracy. Mr. Ishwar Raj Dhakal, President, District Bar Association, Makawanpur requested government to implement copyright legislation effectively to uplift the living standard of the creators. Speaking at the seminar, Mr. Mukunda Prasad Adhikari, President, Appellate Bar Association, Hetauda opined the necessity of sensitization to law enforcing authorities and creators too. Mr. Pratap Bista, Central Member of Nepal Journalist Federation stated that the tendency of copyright violation and piracy was the cause of low level of ethical value in people. Acting Chief District Officer, Mr. Hari Prasad Mainali expressed his view that no achievement would be found unless and until the level of awareness is increased about the subject matter broadly. Mrs. Laxmi Shakya, an active creator from Birgunj supported the ideas of Mr. Mainali and requested the government to broaden its authoritative wing for the stated purpose. Mr. Bir Bahadur Rai, Registrar, NCRO made a warm welcome to all the participants and clarified about the aim of the seminar. Three papers on different topics were presented at the program by Mr. Rai, Mr. Nimesh Nikhil, Assistant Prof., Makawanpur Multiple Campus and Mr. Rajan Raj Panta, Controller, Office of the Controller of Certification, Kathmandu. The program was chaired by Mr. R. C. Rijal, creator, Hetauda. Out of one hundred and twenty five participants Mr. Dhakaram Paudel, Ali Miya, Sanjaya Shah, Dhrubalal Prasad Singh, Hari Prasad Bhatta and Birendra Shah also aired their views very actively at the program that was conducted by Mr. Narayan Prasad Aryal, Section Officer, NCRO.

## CMO Management Training

Music Royalty Collection Society Nepal (MRCSN) organized a training on the management of collecting organizations on November 12, 2009 in Kathmandu. About one and half dozen participants represented the program. Mr. Ang Kwee Tiang, Regional Director, CISAC, highlighted the various aspects of royalty determination, collection, distribution and overall management of collecting organizations. Mr. Yadav Kharel, President, MRCSN, Mr. Santosh Sharma, General Secretary, Copyright Protection Society Nepal (CPSN) & Mr. Narayan Prasad Aryal, Section Officer, Nepal Copyright Registrar's Office (NCRO) also expressed their views in the program.

## Effort for IP Right

Nepal Copyright Registrar's Office (NCRO) is on regular consultation with different governmental and non-governmental organizations to include the right of Intellectual Property (IP) as a fundamental right in the new constitution.

## Copyright Course Included

In the Nepalese copyright history, this year, a renowned staff college has incorporated a topic about copyright in his training program first time. Nepal Administrative Staff College, a high level training center, working under the supervision of government, has started to provide a class on copyright to the newly admitted III class government officers. Different other centers have also agreed to incorporate the course in their trainings too.

## Preparation of Royalty Collection

Music Royalty Collection Society Nepal (MRCSN) is going to finalize the procedure of royalty collection very soon. The preparation is going on smoothly. The society is on regular consultation with different stakeholders, government offices and international organizations. Probably the collection will be started within few months from the broadcasting organizations that are owned by the government firstly.

## Participation on the Meeting of WIPO Advisory Committee

Nepal has participated Advisory Committee on Enforcement (ACE), Fifth Session, held in Geneva, Switzerland from November 2 to 4, 2009. Mr. Bir Bahadur Rai, Registrar, Nepal Copyright Registrar's Office was the delegate from Nepal to the Session that was organized by World Intellectual Property Organization (WIPO).

## Meetings on the Issues of Registration

Nepal Copyright Registrar's Office (NCRO) organized different meetings to finalize the relevancy of registration of the creations received in the office which seem little bit peculiar and conflicting in nature in the presence of experts of the related fields.

## Other Activities

Nepal Copyright Registrar's Office monitored various market places of Kathmandu Valley including Biratnagar, Hetauda, Dhulikhel, Bhairahawa, Pokhara and other places regarding the infringement of copyright and related rights.

Nepal Copyright Registrar's Office distributed awareness materials including brochure, bulletin, Copyright Act and calendar in various places of the country and to those person who visited the office for different purposes.



*The physical person who originally creates a work owns the copyright.*

लेख

# प्रतिलिपि अधिकार संरक्षणमा सामूहिक सहकार्यको आवश्यकता

वीरबहादुर राई



## विषय प्रवेशः

नेपालमा ढिलै भए पनि प्रतिलिपि अधिकार सम्बन्धी विषयले प्राथमिकता पाउन थालेको छ। विगतमा केही स्रष्टाहरू बाहेक सरकार, सरोकार निकाय, सामाजिक संघसंस्थाको लागि खासै चासो र खोजीको विषय थिएन। विज्ञान र प्रविधिको विकासले आम उपभोक्ता माझ धेरै राम्रा र नराम्रा वस्तु तथा सिर्जनाहरू ल्याइदियो। त्यसैको माध्यमबाट ज्ञानको पक्षमा नेपालमा पनि विभिन्न बौद्धिक र राम्रा रचनाको सिर्जना हुन थाल्यो। विश्वव्यापीकरण, आर्थिक उदारीकरण, खुल्ला बजार व्यवस्थाले आर्थिक क्षेत्रमा मात्र प्रतिस्पर्धाको विकास गरेन कि अन्य क्षेत्रमा पनि विभिन्न प्रकारको सकारात्मक र नकारात्मक प्रभाव पार्दै गयो। प्रविधिको विकास र समयानुकुल वातावरणको कारण विभिन्न क्षेत्रका स्रष्टा र सर्जकको पक्षमा विभिन्न रूपमा उनीहरूका सिर्जनाको सम्बोधन हुन थाल्यो। सामान्य रूपमा भन्दा विगतमा समाचारपत्रको रूपमा गोरखापत्र र The Rising Nepal मात्र संचालनमा थिए, त्यो पनि Monopoly को रूपमा। कसैले राम्रो लेख/रचना लेख्दा पनि त्यसलाई प्रकाशन गरी जनमानसमा पुग्ने अवस्था सहज थिएन। प्रकाशन गृह, सङ्गीतको रेकर्डिङ्ग कम्पनी र संचार माध्यम आदि सीमित थिए। तर २१ औं शताब्दीको प्रवेशसँगै नेपालमा पनि खुल्लापन र उदारीकरणको कारण निजी क्षेत्रबाट समेत प्रतिस्पर्धात्मक रूपमा विकास भएको छ।

हिजो एकल रेडियो नेपाल रहेको स्थानमा आज सयौं एफ.एम. तथा कैयौं टेलिभिजनहरू स्थापना भई संचालनमा रहेका छन्। यसबाट विभिन्न स्रष्टाहरूले आफ्ना सिर्जनालाई सञ्चार गर्न पाएका छन् भने विज्ञान र प्रविधिको कारण विभिन्न विकृति र नक्कली सामानको जगजगी भै स्वयम् स्रष्टा र आम प्रयोगकर्ता मारमा पनि परेका छन्। हिजो रत्न रेकर्डिङ्ग संस्थान (हाल म्युजिक नेपाल) मात्र रहेकोमा आज यस्ता रेकर्डिङ्ग कम्पनीहरू सयौंको संख्यामा संचालनमा रहेका छन्। साप्ताहिक र दैनिक समाचारका प्रकाशन सयौं मात्र हैन, हजारौं रहेका छन् जसले गर्दा विभिन्न स्रष्टा र सर्जकले नयाँ नयाँ सिर्जना गरी त्यसको उजागार गर्न पाउने अवसर प्राप्त भएको छ। यसबाट सर्जकले आफ्ना कलमद्वारा, कलाद्वारा, प्रस्तुति र अन्य माध्यमबाट आफ्नो क्षमता र ज्ञानलाई मौलिक रूपमा सिर्जनामा परिणत गर्ने प्रशस्त अवसर पाएका मात्र हैन, केही हदसम्म आर्थिक लाभसमेत प्राप्त गरिरहेका छन्। सयौं सङ्गीतकारले नयाँ नयाँ सङ्गीतको निर्माण र प्रस्तुति गर्दै आएका छन्। वार्षिक सयौं राम्रा साहित्यिक रचना प्रकाशन हुने गरेका छन्। यस्ता साहित्य, कला, सङ्गीत, चलचित्र, कम्प्यूटरजन्य विविध क्षेत्रमा विकास र नयाँ आयामहरू निर्माण हुँदै जाँदा यसका पछिपछि विभिन्न प्रकारका विसंगति, विकृति, चोरी (Piracy), नक्कली सामान निर्माण र वितरणले पनि उत्तिकै पछ्याइरहेको छ।

## कानुनको निर्माण र कार्यान्वयनः

विगतमा समेत विभिन्न प्रकारका सिर्जनाहरू हाम्रो सामु सिर्जित हुँदै आए पनि तिनले सही रूपमा आर्थिक तथा नैतिक अधिकार पाउन सकेका थिएनन्। शुरुमा नयाँ मुलुकी ऐन, २०२० र त्यसपछि २०२२ सालमा प्रतिलिपि अधिकार ऐनमा व्यवस्था भएपनि स्रष्टाको हितमा सोचे अनुरूप कार्य हुन सकेन। रचनाको सही प्रयोग होस् र कुनै प्रकारको दुरुपयोग भएमा कानुनी कारवाही होस् भन्ने आशयबाट पछिल्लो पटक २०५९ सालमा प्रतिलिपि अधिकार ऐन, २०५९ जारी भएको हो। कानुनी व्यवस्था अनुरूप कानुन कार्यान्वयन गर्ने निकाय र पदाधिकारी तोकिए पनि समग्र रूपमा भन्दा कार्यान्वयन पक्ष सन्तोष गर्न सकिने अवस्थामा छैन। मूलतः प्रतिलिपि अधिकारको विषय राज्यको प्राथमिकताको विषयमा नपर्नु, यसका लागि छुट्टै नीतिको तर्जुमा हुन नसक्नु, संलग्न कानुन कार्यान्वयन गर्ने निकाय र सोको पदाधिकारीमा दक्षता र कार्य गर्ने आधुनिक उपकरणको अभाव, कमजोर दवाव समूह, आम उपभोक्तामा सही सूचनाको अभाव र स्रष्टामा चेतनाको कमीका कारण अनधिकृत प्रयोग र नक्कली सामान प्रयोग गर्ने काम भइरहेका छन्।

सरकारद्वारा स्रष्टाको हितमा काम गर्ने मनसायबाट नै प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ निर्माण भै कार्यान्वयनमा रहेको छ। कानुन वास्तवमा साधन मात्र हो साध्य होइन। त्यसकारण मूलतः त्यसको कार्यान्वयन नै मूल आधार हो। तर कार्यान्वयन माथि भने झैं विभिन्न समस्याको कारण प्रभावकारी हुन सकेको छैन। केही वर्ष अघि मात्र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भएपछि यसबाट निरन्तर रूपमा चेतनामुलक कार्यक्रम, सम्बद्ध निकायका पदाधिकारीहरूलाई तालीम आदि कार्यक्रम संचालन हुन थालेपछि थोरै भएपनि यो जुर्मुराएको अवस्था छ।

कानुन कार्यान्वयनमा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउन र आम स्रष्टाको पक्षमा कार्य गर्नको लागि Collecting Management Society (CMO) को स्थापना भई संचालनमा रहेको छ। यसबाट आमस्रष्टा र सर्जकले थप सहयोग पाउने र उनीहरूको हक हितमा कार्य हुनसक्ने देखिए पनि स्थापित CMO आफै शिशु अवस्थामा रहेको छ। स्रष्टाको पक्षमा कार्य गर्न २ वटा विधामा (सङ्गीत रोयल्टी संकलन समाज र नेपाल गायन समाज) समाज गठन भई रजिष्ट्रारको कार्यालयमा कानुनी रूपमा दर्ता भएका छन्। नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट सञ्चालित विभिन्न चेतनामूलक कार्यक्रम, छलफल, अन्तरक्रिया आदिमा साहित्यतर्फका स्रष्टाहरूलाई पनि छुट्टै समाज गठन गर्न अभिप्रेरित गरिँदै आइएको छ। कार्यालयबाट धेरै प्रकारका कार्यक्रम संचालन हुँदै आएपनि स्रष्टाको पक्षमा सबैले एकताबद्ध रूपमा कार्य अघि बढाउनु पर्छ भन्ने भावना विकास नभएसम्म विविध क्षेत्रबाट संचालित कार्यक्रमहरूमा खर्च गर्नु बालुवामा पानी हाल्नु सरह मात्र हो। सामूहिक सहभागिता, कार्यगत एकता, सरोकारवालाहरूबीच समन्वयात्मक सहकार्य र सबै स्रष्टाको पक्षमा संवेदनशील भएमा मात्र कार्यान्वित कार्यले तत्कालै सकारात्मक र आशातित परिणाम देखाउन सक्दछ। नेपालमा यो विषय मात्र हैन सबैजसो विषयमा कार्यगत एकता र साझेदारीमा कार्य गर्नु भन्दा आलोचना गर्ने र अर्काको दायित्व र कर्तव्य देखाउने पक्षमा मात्र वकालत हुने गरेको पाइन्छ। संभवत यो विषय र क्षेत्र पनि अछुतो पक्कै छैन होला।

## नियन्त्रण र प्रभावकारी कार्यान्वयनः

बजारमा अनधिकृत कार्य प्रशस्त छ। Piracy व्याप्त छ, नक्कली सामानको बिगबिगी छ भनी सबैले भन्ने गरेको पाउँछौं। तर त्यसलाई कसरी नियन्त्रण र कारवाही गर्ने ? यसको लागि न त संयुक्त कार्य गर्नलाई हातेमालो गर्न अघि सरेका छौं न सम्बन्धित निकायमा दवाव नै दिन्छौं। सरकारी निकायको सानो प्रयास, केही संघसंस्था र सीमित व्यक्तिको दौड्धुपमा यस्ता अनधिकृत कार्यको विरुद्ध धावा बोल्ने कार्य गरिए पनि त्यसको आवाज र कार्य पर्याप्त हुन सकेको छैन। हुनत हामी हरेक विषयमा कार्यान्वयनमा कमजोरी र गलत कार्यमा चेतनाको कमी भन्छौ तर Piracy को विषयलाई हेर्दा विकसित देशमा पनि यस्ता अनधिकृत कार्यको दर उच्च रहेको पाइन्छ। यसो भनेर सरकारी निकायले उम्कन सक्ने अवस्था हुँदैन। तर पनि जहाँ कानुन बलियो छ, कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरू सक्षम छन्, उच्चस्तरको संयन्त्र र उपकरण रहेका छन्, त्यहाँ पनि नक्कली वस्तुको प्रयोग हुनु र स्रष्टा ठगिनु परेको अवस्था छ। सन् २००६ को Business Software Alliance का अनुसार फ्रान्समा ४५ प्रतिशत, जर्मनीमा २८ प्रतिशत, जापानमा २५ प्रतिशत र संयुक्त अधिराज्यमा २१ प्रतिशत Software Piracy रहेको देखाइएबाट यस्ता कार्य पूर्ण रूपमा निमिट्यान्न पार्न नसकिए पनि नियन्त्रणसम्म गर्नुपर्ने देखिन्छ।

नेपालमा जसरी विभिन्न क्षेत्रमा विकास हुँदै आएको छ त्यसैगरी विकृति पनि सँगसँगै बढिरहेका छन्। आम स्रष्टाको रचना अनधिकृत रूपमा प्रयोग गर्ने, चोरी गर्ने, स्रष्टाको आर्थिक र नैतिक अधिकारमाथि धावा बोल्ने, कानुनको उल्लंघन गर्ने, स्रष्टाप्रतिको सम्मान र नयाँ सिर्जनाको लागि सहयोग र उत्साह नदिने जस्ता विभिन्न समस्याहरू आम स्रष्टाले भोग्दै आएका छन्। माथि नै उल्लेख गरिएको छ कानुन आफैमा साध्य होइन। कानुनलाई प्रभावकारी बनाउन त्यसको लागि कानुनद्वारा तोकिएका पदाधिकारी र निकाय निकै हदसम्म चनाखो भई कार्य गर्न तत्पर हुनु पर्दछ।

## अन्त्यमाः

प्रतिलिपि अधिकारको विषयप्रति संवेदनशील हुँदै यसलाई सामाजिक र न्यायिक रूपमा अगाडि बढाउनु पर्ने देखिन्छ। किनभने गलत कार्यबाट स्रष्टा मात्र हैन उपभोक्ता, समाज र राष्ट्रले नै धेरै कुरा गुमाउनु पर्ने हुन्छ। प्रतिलिपि अधिकारको विषयलाई जीवित र सशक्त बनाउन सम्बद्ध निकाय, सरोकारवाला, स्रष्टा सबैको सामूहिक प्रतिबद्धता र कार्यमा एकता जरुरी छ। यसो भएको खण्डमा कानुनको सही कार्यान्वयन र स्रष्टा/सर्जकले भोगेका पीडामा मलम लाग्न सकिने मात्र हैन व्यक्ति, समाज र राष्ट्रमा सत्कार्यले प्रश्रय पाई समग्र विकासमा सकारात्मक सहयोग पुग्ने देखिन्छ। त्यसैले सबैले एकजुट भई अनधिकृत र नक्कली कार्य गर्ने विरुद्ध आवाज उठाऔं। प्रभावकारी कार्य र सकारात्मक सोचको लागि हातेमालो गरौं।

लेख

# रोयल्टी संकलन र वितरणमा निभाउनुपर्ने जिम्मेवारी र समस्याहरू



नारायणप्रसाद अर्याल

## विषय प्रवेशः

ज्ञान बाँडेर बढ्छ वा बौद्धिकतामा निखारता ल्याउन आफूमा भएको बुद्धि, विवेक र ज्ञान सित्तैमा बाँड्नुपर्छ भन्ने प्राचीन मान्यतामा शतप्रतिशत बद्लाव आएको छ । हाल सिर्जनाकर्मीहरू आफ्नो बौद्धिक, मौलिक र नयाँ रचना/सिर्जनामा आफ्नो प्रतिलिपि अधिकार संरक्षणको प्रत्याभूति चाहन्छन् । अर्कोतर्फ, त्यस्ता सिर्जनाका उपयोगकर्ताहरू पनि अरुका सिर्जनाको प्रयोग गर्दा निश्चित मूल्य प्रदान गर्न हिच्किचाउने क्रम घट्दै गएको छ । नेपाल जस्तो व्यावहारिक प्रयोगका हिसाबले आधा दशक अघिदेखि मात्रै प्रतिलिपि अधिकार ऐन कार्यान्वयनमा खरो रूपले होमिएको राष्ट्रमा पनि स्रष्टा, सिर्जना, रोयल्टी, अधिकार, अनधिकृत उत्पादन र प्रयोग अर्थात पाइरेसी एवं दण्ड सजायका सम्बन्धमा तत् तत् क्षेत्रको ठूलो हिस्सा जानकार भइसकेको छ । स्रष्टाहरू आफूले गरेको सिर्जनामा प्राप्त हुने एकलौटी अधिकार (Exclusive Rights) को जगेर्ना र संरक्षण गर्न राज्य अझै प्रभावकारीतापूर्वक खट्नुपर्ने बताउन थालेका छन् । विभिन्न दृष्टिकोणले एकगठ्ठा हुँदै आएका उनीहरू छुट्टै प्रतिलिपि अधिकार कार्यालय खुलेको तीन वर्षमै ऐनको मक्सद मुताविकको रोयल्टी निर्धारण, संकलन एवं वितरणको उद्देश्यले संगठित भई सोही कार्यालयमा समाज दर्ता गरी क्रियाशील रहेका छन् । गीतकार र संगीतकारहरू मिलेर वि.सं. २०६४ सालको शुरूताका स्थापना गरिएको "संगीत रोयल्टी संकलन समाज नेपाल" केही महिनाभित्र सीमित दायरामा अडिएरै भएपनि रोयल्टी उठाउने कार्यारम्भ गर्न कसरत गरिरहेको छ । कानूनतः प्रस्तोताको उपमा र तद्नुरूपको अधिकार पाएका गायकगायिकाहरू रोयल्टी प्रयोजनार्थ नै संगठित भई यसै वर्षदेखि औपचारिक संस्था "नेपाल गायन समाज" दर्ता गरी संगीत रोयल्टी संकलन समाजसँग मिलेर रोयल्टी उठाउने सिलसिलामा गर्नुपर्ने पूर्व तयारीजन्य क्रियाकलापमा लागिरहेका छन् । गीत, संगीत र गायन बाहेक अन्य विधाका सिर्जनाकर्मीहरू यसतर्फ अग्रसर भएको पाइँदैन । साहित्य, कला, सूचना प्रविधि, चलचित्र लगायतका विधामा सक्रियतापूर्वक खटेका रचनाकारहरू आफ्ना सिर्जनाको सार्वजनिक प्रयोगवापत निश्चित रोयल्टी उठाई वितरण गर्नका लागि एकत्रित भई रोयल्टी संकलन संस्था (Collecting Management Organization) स्थापना गर्नतर्फ जागरूक देखिएका छैनन् । अन्य भन्दा गीत संगीत क्षेत्रका सर्जक यसमा ज्यादा सचेत पाइएका छन् । हुन त सबैभन्दा बढी दुरूपयोग पनि गीत संगीतको नै भएको छ । प्रस्तुत लेखमा विगतदेखि खटिरहेका तिनै गीत संगीत एवं गायन क्षेत्रमा स्थापित रोयल्टी संकलन संस्थाहरूले रोयल्टी निर्धारण, संकलन एवं वितरणको क्रममा निर्वाह गर्नुपर्ने जिम्मेवारी र भोल्नुपर्ने समस्याहरूलाई सिलसिलेवार रूपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

प्रतिलिपि अधिकार ऐन, २०५९ तथा नियमावली, २०६१ अनुसार सिर्जनाका कुनै पनि विधामा क्रियाशील कम्तीमा ५० जना स्रष्टाहरूले आफूले गरेका सिर्जनाको व्यावसायिक तथा सार्वजनिक प्रयोग वापत निश्चित मापदण्डको आधारमा त्यस्ता सम्पूर्ण क्षेत्रबाट रोयल्टी संकलन गरी सम्बन्धित सबै स्रष्टाहरूलाई तोकिए बमोजिमको दरमा वितरण गर्ने प्रयोजनका लागि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा संस्था दर्ता गर्न सक्छन् । सोही मुताविक उपरोक्त दुई संस्थाहरू स्थापना भएका हुन् । आपसी सहमतिमा गीतकार, संगीतकार एवं गायकगायिका सबैले आफ्ना सिर्जना र प्रस्तुतिको सार्वजनिक तथा व्यापारिक हिसाबले हुने प्रयोग वापतको रोयल्टी एकमुष्ठ रुपमा उठाई एक आपसमा बाँडफाँड गर्ने ऐतिहासिक र गुरूत्तर दायित्व निर्वाहमा उक्त संस्थाहरूमा संलग्न स्रष्टा-सर्जक जुटेका छन् । नेपाली गीत संगीतको बजार अत्यन्तै ठूलो छ । राजधानी र इतरका दुर्गम गाउँठाउँसम्म फैलिएका सयौं एफ.एम. रेडियोमा निरन्तर विभिन्न प्रकृतिका गीत संगीत बज्ने गर्छन् । यसबाहेक देशविदेशमा अन्य निकै धेरै त्यस्ता ठाउँहरू छन् जहाँ नेपाली सुमधुर संगीत निरन्तर गुञ्जिने गर्छ । नेपाल बाहिर संसारका विभिन्न मुलुकमा बसोबास गर्ने करिब चालीस लाख नेपाली पनि हाम्रो संगीतका पारखी छन् । ती मुलुकहरूमा हुने गीत संगीतको व्यावसायिक उपयोग वापतको रोयल्टी तत् तत् मुलुकहरूमा संकलन गरी नेपालस्थित रोयल्टी संकलन संस्थालाई पठाईदिने प्रयोजनका लागि सम्बन्धित मुलुकमा रहेका त्यस्तै उद्देश्यका संस्थाहरूसँग द्विपक्षीय सम्झौता गर्नुपर्ने हुन्छ । त्यसैगरी, ती मुलुकका गीत संगीतको नेपालमा गरिने सोही प्रयोजनको प्रयोग वापतको रोयल्टी संकलन गरी उनीहरूलाई पठाइदिने दायित्व हाम्रा संकलन संस्थाहरूमा रहन्छ । यो कार्य अत्यन्तै चुनौतीजन्य छ । रोयल्टी संकलनको क्षेत्र निकै विस्तृत हुन्छ । त्यस्ता विभिन्न क्षेत्रको अन्तरकुन्तरसम्म पुगी उनीहरूको सहमति प्राप्त गरी रोयल्टी उठाउने कार्य अत्यन्तै कठिन हुन्छ । तर अब पनि यो नगरि सुखै छैन ।

## संकलन र वितरणमा निभाउनुपर्ने जिम्मेवारी

रोयल्टी निर्धारण, संकलन एवं वितरणका लागि प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सामान्यतया एउटा विधामा एउटा संस्था दर्ता गर्न सकिने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३९ र नियमावलीको नियम ६, ७, ८ मा छ । सोही ऐनको दफा ३० एवं नियमावलीको नियम ५ ले कार्यालयका रजिष्ट्रारको प्रमुख जिम्मेवारी नै रोयल्टी संकलन संस्थाहरूको नियमन, निरीक्षण तथा सुधारमा केन्द्रित गरेको छ । रचना दर्ता, स्रष्टाको आर्थिक एवं नैतिक अधिकार संरक्षण लगायतका कार्यको सिलसिलामा कार्यालयलाई कानूनले कुनै न्यायिक अधिकार प्रदान गरेको पाईदैन । तर रोयल्टी संकलन संस्था (CMO) ले संकलन गरी वितरण गरेको रोयल्टीमा चित्त नबुझेमा नियमावलीको नियम १५ बमोजिम स्रष्टाले कार्यालयमा उजुरी गर्नसक्ने एवं त्यस्तो उजुरी सुनि निर्णय दिनसक्ने अधिकार रजिष्ट्रारलाई प्राप्त छ । यसबाट रोयल्टी निर्धारण, संकलन र वितरणको कार्य अत्यन्तै संवेदनशील र कठिन एवं निकै सतर्कता पुऱ्याउनुपर्ने प्रकृतिको भएको कुरालाई विधायिका एवं कार्यपालिकाले समेत स्वीकार गरेको देखिन्छ । कानूनले प्राथमिकता प्रदान गरेको उक्त विषयलाई व्यावहारिक धरातलमा उत्रेर कार्यान्वयनमा लैजाने काम अत्यन्तै कठिन छ । संगीत विधाका रोयल्टी संकलन संस्थाले त्यस क्रममा अनेकौं चुनौतीहरूसँग जुध्नुपर्ने हुनसक्छ । त्यस्ता चुनौतीहरूसँग जुध्दै अगाडि बढ्ने सिलसिलामा ती संस्थाहरूले देहाय बमोजिमका जिम्मेवारीहरू निर्वाह गर्नुपर्ने देखिन्छ :-

- सांगीतिक सिर्जनाको सार्वजनिक प्रयोग हुने सम्पूर्ण क्षेत्रहरूको पहिचान गर्ने ।
- संगीत प्रयोगको क्षेत्रगत उद्देश्य तथा प्रयोजन निश्चित गर्ने । साथै ती क्षेत्रमा प्रयोग वा प्रसारण भईरहेको संगीतले व्यवसाय अभिबृद्धिमा पुऱ्याएको सहयोगको स्तर निर्धारण गर्ने । जस्तैः कुनै गीत बजाइएको कारण कुनै रेष्टुरेन्टमा ज्यादा ग्राहक आएका हुन् की गुणस्तरीय भोजन र मन छुने सेवाको सुनिश्चितताको कारणले रेष्टुरेन्ट आउँदा उक्त गीत सुन्ने अवसर पनि पाएका हुन् भन्ने कुरा पत्ता लगाउने ।
- संगीत प्रयोग गर्ने निकायहरूसँग विभिन्न चरणमा छलफल तथा अन्तरक्रिया गरी रोयल्टी प्रदान गर्ने विषयमा उनीहरूलाई सहमत गराउने ।
- विकसित, विकासशील, अति कम विकसित एवं छिमेकी मुलुकहरूमा विद्यमान/प्रचलित मापदण्डको विस्तृत अध्ययन गरी संगीत प्रयोग गर्ने निकायहरूको वर्गीकरण गरेर सो प्रयोगको प्रयोजन एवं प्रयोग समयको आधारमा फरक फरक दरमा रोयल्टीको अंक निर्धारण गर्ने ।
- क्षेत्रगत संघसंस्था वा निकायहरूसँग सहमति गरी संगीत प्रयोग गर्ने हरेक निकाय (होटल, रेष्टुरेन्ट, डिस्को थेक, एयरलाइन्स, रेडियो/एफ.एम/टेलिभिजन/केवुल लगायतका प्रसारण संस्था, सार्वजनिक यातायात, डिर्पाटमेन्टल स्टोर, ब्युटी पार्लर, हेयर कटिङ्ग शैलुन इत्यादी) सँग अलग अलग वा तीनका छाता संगठनसँग आवश्यक सम्झौता गरी निर्धारित विधिमा संगीत प्रयोगको संख्या वा अवधिको निर्क्यौल गरी वैज्ञानिक आधारमा तोकिए बमोजिम रोयल्टी प्राप्तिको सुनिश्चितता कायम गर्ने ।
- गीतकार, संगीतकार तथा प्रस्तोताले पाउने रोयल्टीको हिस्सा एवं संकलन संस्थाले प्रशासनिक खर्चवापत खर्चिन पाउने रकमको सर्वस्वीकार्य प्रतिशत निर्धारण गर्ने ।
- रोयल्टी संकलन संस्थामा आवद्ध हुन सम्पूर्ण स्रष्टा वा प्रस्तोताहरूलाई सार्वजनिक आव्हान गर्ने । त्यसबाट हुने लाभको सम्बन्धमा प्रष्ट रूपमा प्रचारप्रसार गर्ने । आवद्धता जनाउन आउने सम्पूर्ण स्रष्टा तथा प्रस्तोतासँग आवश्यक सहमति कायम गर्ने ।
- रोयल्टीमा आफ्नो पनि हिस्सा सुनिश्चित गरिनुपर्ने माग राखिरहेका रेकर्डिङ्ग कम्पनी तथा उत्पादकहरूसँग गहन छलफल गरी उनीहरूलाई सो प्राप्तिको ठोस आधार पेश गर्न लगाउने । उनीहरूको पेशाको चरित्र व्यावसायिक र नाफामूलक भएकोतर्फ ध्यान पुऱ्याई उपयुक्त र कानूनसम्मत सहमतिमा पुगी विवाद टुङ्ग्याउने ।
- मोबाइल कम्पनीहरूले प्रयोगमा ल्याएको Caller Ring Back Tone (CRBT) मार्फत ठूलो रकम सम्बन्धित कम्पनी एवं तिनीहरूले सम्झौताद्वारा जिम्मेवारी सुम्पेको संस्था तथा निकायले उठाइरहेको तर स्रष्टाले यथोचित दरमा पाउन नसकेको यथार्थतालाई मध्येनजर राखी उनीहरूसँग आवश्यक बार्गेनिङ्ग गरी त्यसको अधिकांश हिस्सा संकलन समाजको दायरामा ल्याउन प्रयत्न गर्ने ।
- सार्वजनिक रूपमा देश विदेशमा हुने कन्सर्ट तथा व्यावसायिक प्रकृतिका सांगीतिक प्रस्तुतिलाई समाजको दायरामा ल्याउन आवश्यक प्रबन्ध गरी

क्रमशः ..... पृष्ठ ७ मा



नयाँ, मौलिक र बौद्धिक सिर्जना गर्ने बानी बसालौं ।

# लेख CRBT मा साङ्गीतिक रचनाको उपयोग र सोमा प्रतिलिपि अधिकारको सरोकार

राजकुमार सुवाल

## पृष्ठभूमि:

Caller Rin Back Tone (CRBT) आजको सञ्चार जगतमा नयाँ शब्दावली होइन। तर यसको सम्बद्धताको सवालमा भने यो शब्दावलीले केही अलग अर्थ बोकेको छ। झट्ट हेर्दा यो शब्दावली आम जनमानसमा प्रष्ट नभए पनि यसले सञ्चार जगत, विशेष गरी मोबाइल प्रयोगकर्ता, सञ्चालनकर्ता अनि बौद्धिक सम्पत्तिको कानूनी भूमिकासँग भने अझ बढी सामिप्यता पाएको छ भन्दा अत्युक्ति नहोला। CRBT को शाब्दिक अर्थलाई बुझ्दा सञ्चार जगतमा छोटो समयमा व्यापक उपयोगमा आएको मोबाइल प्रविधिमा उपयोग गरिने विषयको रूपमा बुझ्न सकिन्छ। तर यो यत्तिमा नै भने सीमित छैन। मोबाइल सेवा सञ्चालन गर्ने मोबाइल सेवा प्रदायकले आफ्नो सेवा मोबाइल सेवाको ग्राहक वा उपभोक्ताले प्रयोग गर्ने क्रममा एक व्यक्तिले अर्को व्यक्तिलाई मोबाइलमा डायल गर्दा डायल गर्ने व्यक्तिले डायल टोन (धून) को रूपमा सुनिने विशेष धून (Tune) हुन्छ। यो धून नै CRBT भनेर चिनिन्छ, बुझिन्छ। साधारणतया यस किसिमको मोबाइल सेवा प्रदायक कम्पनीले Computerized Tune को उपयोग गर्ने गर्दछ। तर आफ्नो सेवा आकर्षक एवं प्रतिस्पर्धात्मक बनाउन तथा ग्राहकलाई मनोरञ्जनका साथै आफ्नो सेवाप्रति बढी झुकाव कायम गराई राख्नका लागि Computerized Tune को सट्टा चर्चित एवं लोकप्रिय मनोरञ्जनात्मक Tune हरूको पनि उपयोग गर्ने गराउने गर्दछ। यसरी CRBT मा प्रयोग गरिने Tune मोबाइल सेवा प्रदायक कम्पनी आफैले स्थिर रूपमा व्यवस्थित गर्ने गरिए तापनि ग्राहकको सुविधा एवं सन्तुष्टिका लागि ग्राहक आफैले छानेर/रोजेर त्यस्तो Tune CRBT को रूपमा व्यवस्थित गर्न सक्ने सुविधा विकास गरेको हुन्छ। हाल यो सुविधा नेपालका प्रतिस्पर्धी मोबाइल सेवा प्रदायक कम्पनीहरू नेपाल टेलिकम तथा स्पाइस नेपालले आ-आफ्नो सेवामा उपलब्ध गराएका छन्। यसरी उपलब्ध गराउने CRBT को रूपमा विभिन्न साङ्गीतिक रचनाहरू समेत उपयोग गरिएको छ। जुन कुरा मोबाइल सेवा प्रदायक कम्पनीको व्यावसायिक विषय त हो नै यसको साथै यसले बौद्धिक सम्पत्ति सम्बन्धी विषयसँग पनि प्रत्यक्ष रूपमा सरोकारीत रहन्छ। यसमा पनि विशेष गरी प्रतिलिपि अधिकारको विषय यस तथ्यसँग बढी सरोकारीत रहन्छ।

प्रतिलिपि अधिकार (Copyright) सम्बन्धी कानूनले व्यक्तिको आफ्नो स्वकीय मेहनत, सीप, दक्षता, समय, साधनस्रोतको उपयोग गरी आफूमा निहित रचनात्मक ज्ञान, बुद्धि तथा विचारलाई ग्रहणकर्ता वा प्रयोगकर्ताले ग्रहण वा प्रयोग गर्न वा त्यसलाई आभाष र अनुभव गर्न सकिने गरी कुनै किसिमको भौतिक माध्यममा मौलिक रूपले व्यक्त गरी सिर्जना गरिएका कला, साहित्य, नाट्य, संगीत तथा प्रस्तुति, रेकर्डिङ्ग, उत्पादन, प्रसारण आदि कार्यमा निहित मौलिक सिर्जनात्मक क्षमतालाई त्यस्तो रचना वा सिर्जनात्मक क्षमताको रचयिता वा संस्थालाई त्यस्तो रचना वा सिर्जनशीलताको एकलौटी उपयोगको अनतिक्रम्य अधिकारको रूपमा प्रतिलिपि अधिकार प्राप्त हुन्छ। यस्तो अधिकार साधारणतया रचनाकारको जीवनभरि र जीवन पछि थप ५० वर्ष अवधिको लागि प्राप्त हुन्छ भने प्रस्तोता, रेकर्डिङ्ग/उत्पादक एवं प्रसारण संस्थालाई ५० वर्ष सम्मको लागि संरक्षण प्रदान गर्दछ। यो संरक्षण अन्तर्गत उक्त सिर्जना र सिर्जनशीलताको सम्बन्धित सिर्जनाकार वा सोको कानूनी हकवालालाई रचना पुनरुत्पादन गर्ने, बेच्ने, संचय गर्ने, सार्वजनिक रूपमा प्रस्तुत गर्ने, प्रसारण गर्ने, परिमार्जन र अनुवाद गर्ने, आयात गर्ने लगायतका अधिकारहरूको साथै प्रस्तुत गरिएका प्रस्तुतिको फोटोजन्य, चलचित्रजन्य वा अन्य प्रकारले रेकर्ड गरिएका प्रस्तुतिको माथि उल्लेखित कार्य गर्ने तथा रेकर्ड गरिएका रेकर्डको र प्रसारण गरिएका विषयवस्तु पुनः रेकर्ड वा उत्पादन गरी माथि उल्लिखित कार्य गर्ने आदि आर्थिक अधिकार तथा आफ्नो सिर्जनामा आफ्नो नाम उल्लेख गर्न लगाउने, तोड्मोड गर्नबाट रोक्ने, नाम र ख्यातिमा आघात पुग्ने गरी गलत नाम प्रयोग गर्नबाट रोक्ने तथा गोप्यता कायम राख्ने लगायतका नैतिक अधिकारहरू समेतका अधिकारहरूको एकमुष्ट अधिकार (Bundle of Rights) कला, साहित्य, नाट्य, संगीतका रचयिता तथा प्रस्तुतिको प्रस्तोता, रेकर्डिङ्ग, उत्पादन गर्ने उत्पादक तथा प्रसारण गर्ने प्रसारण संस्था आदिले प्राप्त गरेको हुन्छ। तर यी नैतिक अधिकारहरू सम्बन्धित रचनाकारबाट अर्को व्यक्तिमा हस्तान्तरण गर्न भने सकिदैन। प्रतिलिपि अधिकारद्वारा प्रदत्त यी आर्थिक तथा नैतिक अधिकारहरूको समुच्च अधिकारहरू अरु कसैले सम्बन्धित अधिकारवालासँग अनुमति नलिई प्रयोग गरेमा त्यस्तो कार्य प्रतिलिपि अधिकारको उल्लंघन मानिन्छ। यसबाट सरकारवादी फौजदारी अपराध गरेको ठहरी सोहि बमोजिम जरिवाना र कैद हुने व्यवस्था गरिएको छ।

## CRBT मा साङ्गीतिक रचनाको उपयोग र सोमा प्रतिलिपि अधिकारको सरोकार

CRBT मा साङ्गीतिक रचनाको उपयोगको विषय मोबाइल सेवा प्रदायक कम्पनीले प्रदान गर्ने अरु CRBT को तुलनामा बढी गम्भीर एवं महत्वपूर्ण भएकोले साङ्गीतिक रचनाको CRBT मा उपयोग प्रतिलिपि अधिकारको एउटा महत्वपूर्ण विषयको रूपमा रहन्छ। यस तथ्यलाई प्रष्ट बुझ्नका लागि साङ्गीतिक रचनामा प्रतिलिपि अधिकारको वितरण र त्यसको प्रयोगका प्रणाली अनि त्यस्तो साङ्गीतिक रचनाको सार्वजनिक प्रसारणसँग सम्बद्ध कानूनी व्यवस्थाका बारेमा बुझ्नु महत्वपूर्ण हुन आउँछ।

साधारणतया एउटा साङ्गीतिक रचना निर्माण गर्नमा दर्जनौं व्यक्तिहरूको प्रत्यक्ष अप्रत्यक्ष रूपमा क्रियात्मक संलग्नता रहेको हुन्छ। त्यसमध्ये पनि प्रतिलिपि अधिकार सम्बन्धी कानूनले रचनाकारको रूपमा लिइएका त्यस्ता साङ्गीतिक रचनाको शब्दको रचनाकार, त्यस्तो रचनामा साङ्गीतिक धून तयार गर्ने संगीतकार वा कम्पोजर, त्यस्तो धून अनुसार सानो ठूलो साङ्गीतिक वाद्यवादन प्रस्तुत गर्ने साङ्गीतिक वाद्यवादक प्रस्तोता, धूनलाई स्वराङ्कन गर्ने प्रस्तोता वा गायकगायिका अनि सहयोगी स्वर दिने सहयोगी प्रस्तोता कलाकार आदि व्यक्तिहरूलाई निजहरूको आ-आफ्नो रचना तथा प्रस्तुतिलाई प्रतिलिपि अधिकार ऐनले रचनाकार र प्रस्तोतालाई अलग अलग प्रतिलिपि अधिकारहरू स्वतन्त्र रूपमा प्रदान गरेको हुन्छ।

यसरी साङ्गीतिक रचनामा समाविष्ट रहने विभिन्न रचयिता (जस्तै गीतकार, संगीतकार आदि) तथा प्रस्तोता (जस्तै गायकगायिका, वाद्यवादक आदि) इत्यादि आ-आफ्नो रचना एवं प्रस्तुतिको स्वतन्त्र प्रतिलिपि अधिकार धनी भएको हुँदा त्यस्तो रचनाकार एवं प्रस्तोताको रचना एवं प्रस्तुतिलाई अलग अलग अनुमति लिएर त्यस्तो रचना एवं प्रस्तुतिलाई साङ्गीतिक रचनाको रूपमा विकास गर्नुपर्ने हुन्छ। तसर्थ कुनै पनि साङ्गीतिक रचना रेकर्डिङ्ग गरी उत्पादन गर्न त्यसरी रेकर्ड गरी उत्पादन गर्ने व्यक्ति वा फर्मले त्यस्तो साङ्गीतिक रचनामा सम्मिलित सानोदेखि ठूलो भूमिका निभाउने सम्पूर्ण रचनाकार एवं प्रस्तोताहरूबाट अनुमति लिएको वा निजहरूको प्रतिलिपि अधिकार हस्तान्तरण गरिलिएको हुनुपर्दछ। त्यसरी अनुमति लिई तयार पारिएका साङ्गीतिक रचनामा रेकर्ड तथा उत्पादन संस्थाको प्रतिलिपि अधिकार त्यस्तो अनुमति पत्रको अधिनमा रहि उपयोग गर्नुपर्ने हुन्छ भने पूर्ण रूपमा उत्पादित साङ्गीतिक रचनाको प्रतिलिपि अधिकार उपभोग गर्न सम्पूर्ण सर्जकहरूबाट सम्बन्धित प्रतिलिपि अधिकार हस्तान्तरण गरी लिनु पर्ने हुन्छ। अन्यथा रेकर्ड तथा उत्पादित साङ्गीतिक रचनामा उक्त रचनामा निहित सम्पूर्ण सानो ठूलो रचना एवं प्रस्तुतिलाई प्राप्त हुने प्रतिलिपि अधिकार सम्बन्धित रचनाकार एवं प्रस्तोतामा नै निहित हुन्छ।

साङ्गीतिक रचना उत्पादन संस्थाले सम्बन्धित रचनाकार एवं प्रस्तोताबाट अनुमति लिई वा हक हस्तान्तरण गरी लिई साङ्गीतिक रचना रेकर्ड एवं उत्पादन गरेपछि त्यस्तो उत्पादित साङ्गीतिक रचना माथि उत्पादकको प्रतिलिपि अधिकार कायम रहन्छ। यसरी उत्पादित साङ्गीतिक रचना उक्त रचनाको प्राथमिक प्रकृतिबाट उपयोग गरी जुन उद्देश्यभित्र रहि प्राथमिक प्रतिलिपि अधिकार धनी (रचनाकार तथा प्रस्तोता) बाट हक प्राप्त गरी उत्पादन गरिएको हो सो भन्दा अलग उद्देश्यमा उपयोग गर्ने वा गर्न दिने बाहेक अरु सम्पूर्ण किसिमबाट पुनरुत्पादन, बिक्री वितरण एवं प्रसारण गर्ने अधिकार त्यस्तो साङ्गीतिक रचनाको उत्पादकलाई हुन्छ। तसर्थ साङ्गीतिक रचनाको उत्पादकलाई त्यस्तो साङ्गीतिक रचना अर्कै प्रयोजनको लागि उपयोग गर्न दिने (वृत्तचित्र, चलचित्र, विज्ञापनको अंशको रूपमा आदि) अधिकार राख्दैन। त्यसकारण प्रसारण संस्थाले कुनै पनि साङ्गीतिक रचना आफ्नो प्रसारण संयन्त्र मार्फत सार्वजनिक प्रसारण गर्नु पूर्व त्यस्तो साङ्गीतिक रचनाको प्रतिलिपि अधिकार धनी निश्चित गरी सम्बन्धित प्रतिलिपि अधिकार धनीबाट अनुमति लिनु पर्दछ।

### CRBT को रूपमा साङ्गीतिक रचनाको उपयोग गरिने अवस्थालाई दुई अर्थमा बुझ्न सकिन्छ–

#### क) साङ्गीतिक रचनाको उत्पादित प्रयोजन भन्दा अन्य प्रयोजनको लागि उपयोग गरिएको अवस्थाः

CRBT को रूपमा साङ्गीतिक रचनाको उपयोगलाई साङ्गीतिक रचनाको उत्पादित प्रयोजन भन्दा फरक प्रयोजनमा उपयोग गरिएको अवस्थाको रूपमा लिन सकिन्छ। किनकी यस्तो उपयोग 'प्रसारण' शब्दको अर्थभित्र समाविष्ट गर्न प्रविधिक रूपमा कठिन हुन्छ। 'प्रसारण' भन्नाले सार्वजनिक जानकारीको लागि तार विहीन उपकरण वा भू-उपग्रहको माध्यमद्वारा श्रव्य वा श्रव्यदृश्य रचनाको प्रसारण गर्ने कार्यलाई बुझिन्छ। तर CRBT को रूपमा साङ्गीतिक रचना उपयोग गर्दा सार्वजनिक जानकारीको लागि सार्वजनिक रूपमा उपलब्ध हुने नभई इच्छुक व्यक्तिको माग बमोजिम उपलब्ध गराउने सेवाको रूपमा रहेको छ। जुन प्रतिलिपि अधिकार ऐनले परिभाषित गरेको 'प्रसारण' शब्दले समेट्न सक्ने देखिदैन। यदि साङ्गीतिक रचनाको CRBT मा उपयोग गरिने कार्यलाई साङ्गीतिक रचनाको उत्पादित प्रयोजन भन्दा फरक प्रयोजनमा

उपयोग गरिएको अवस्थाको रूपमा लिइने हो भने त्यस्तो उपयोग गर्नबाट रोक्ने अधिकार सम्पूर्ण रूपमा त्यस्तो साङ्गीतिक रचनाको प्राथमिक प्रतिलिपि अधिकार धनी रचनाकार र प्रस्तोताहरूमा निहित रहन्छ र त्यसरी उपयोग गरेबापतको क्षतिपूर्ति वा रोयल्टी त्यस्तो प्राथमिक प्रतिलिपि अधिकार धनीले प्राप्त गर्दछ ।

### ख) साङ्गीतिक रचनाको सार्वजनिक प्रसारणमा उपयोग गरिएको अवस्थाः

साङ्गीतिक रचनाको CRBT को रूपमा उपयोग गरिएको अवस्थालाई साङ्गीतिक रचनाको सार्वजनिक प्रसारणको रूपमा लिइँदा भने त्यस्तो उपयोग सम्बन्धी अधिकार त्यस्तो रचनाको उत्पादकमा निहित रहन्छ । तसर्थ साङ्गीतिक रचनालाई CRBT मा उपयोग गर्न साङ्गीतिक रचनाको उत्पादकसँग अनुमति लिएको हुनुपर्दछ । साङ्गीतिक रचनाको उत्पादकलाई त्यस्तो साङ्गीतिक रचनामा कुनै पनि तरिका वा स्वरूपमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले पुनरुत्पादन गर्ने, मूल प्रति वा प्रतिलिपि बिक्री वितरण वा स्वामित्व हस्तान्तरणका अन्य तरिकाबाट सर्वसुलभ गराउने, तारयुक्त वा तार विहीन उपकरणबाट एउटै खास ठाउँबाट वा आफुले चाहेको ठाउँबाट वा जनसाधारणद्वारा श्रवण गर्नसक्ने बनाउने अधिकार निहित रहेबाट पनि CRBT मा उपयोग गराउने कार्यलाई प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा १०(१) (ङ) अन्तर्गतको उत्पादकलाई प्रदान गरिएको अधिकारको प्रयोगको रूपमा दिन सकिन्छ । यसरी उपयोग गरे बापत उत्पादकले प्रयोगकर्ता अर्थात CRBT सेवा प्रदायक संस्थाबाट रोयल्टी प्राप्त गर्दछ । त्यसरी प्राप्त गर्ने रोयल्टी बाँडफाँड सम्बन्धमा ऐनको दफा ११ बमोजिम उत्पादक र प्रस्तोता बीच सम्झौता भए सम्झौता बमोजिम बाँडफाँड गरिने छ । यदि कुनै सम्झौता नभए त्यसरी प्राप्त भएको रोयल्टीको आधा रकम त्यस्तो साङ्गीतिक रचनाको प्रस्तोताहरूले समानुपातिक रूपमा दामासाहीले प्राप्त गर्दछन् । यस अर्थमा त्यसरी CRBT मा उपयोग गरिएको साङ्गीतिक रचनाबाट प्राप्त हुने रोयल्टी माथि त्यस्तो साङ्गीतिक रचनाको रचनाकारले कानूनत रोयल्टी प्राप्त गर्ने अधिकार प्रष्ट छैन ।

### साङ्गीतिक रचनाको उपयोग र रोयल्टी सम्बन्धी व्यवस्था

साङ्गीतिक रचनाको CRBT को रूपमा उपयोग गरिएको अवस्थामा त्यसबापत प्राप्त हुने रोयल्टीको बाँडफाँडका सम्बन्धमा हाल नेपालमा व्याप्त व्यवहार प्रक्रियालाई हेर्ने हो भने साङ्गीतिक रचनाको प्रसारण गरेबापत रोयल्टी प्राप्त हुने र वितरण गर्ने अन्तर्राष्ट्रिय मूल्य मान्यतालाई आत्मसात गर्न सकेको पाइँदैन । नेपालमा विकास भइरहेको व्यवहार प्रक्रियालाई अवलोकन गर्दा CRBT सेवा प्रदायक संस्थाले मध्यस्थ व्यवस्थापन संस्था (जस्तै म्यूजिक नेपाल जसले विभिन्न साङ्गीतिक रचनाका उत्पादक एवं अधिकार धनीहरूसँग छुट्टै सम्झौता गरी मध्यस्थ व्यवस्थापकको भूमिकामा रहेको छ) ले CRBT मा उपयोग गर्ने साङ्गीतिक रचना CRBT सेवा प्रदायक कम्पनीलाई उपलब्ध गराउने र त्यसरी उपलब्ध गराइएको साङ्गीतिक रचना मोबाइल फोनको ग्राहकले प्रयोग गरी भूक्तानी गरेको रकम मध्येबाट करीव ५० प्रतिशत रकम CRBT सेवा प्रदायक संस्था (जस्तो नेपाल टेलिकम, स्पाइस नेपाल आदि) ले प्राप्त गरी बाँकी रहेको ५० प्रतिशत मध्ये करीव ३० प्रतिशत मध्यस्थ व्यवस्थापकले प्राप्त गर्ने र बाँकी २० प्रतिशतबाट करीव ५ प्रतिशतदेखि १० प्रतिशतसम्म कर कट्टी गरी बाँकी रकमको १० देखि १५ प्रतिशत साङ्गीतिक रचनाको उत्पादक, रचनाकार (गीतकार र संगीतकार) लाई र प्रस्तोता (गायकगायिका) लाई बाँडफाँड गरिएको अवस्था छ । जसमा गायकलाई मात्र प्रस्तोताको रूपमा मानी प्रस्तोताको सम्पूर्ण रोयल्टी निजलाई मात्र बाँडफाँड गरिएको अवस्था छ । जबकी साङ्गीतिक रचनाको अरु प्रस्तोताहरू वाद्यवादक एवं सहयोगी गायन कलाकारलाई पनि दामासाही रूपले सहभागितात्मक योगदानसँग समानुपातिक बाँडफाँड गरिनुपर्ने कानूनी दायित्व उत्पादकको रहनुका साथै सो हकको माग गर्ने अधिकार अन्य प्रस्तोतामा निहित रहेर पनि प्रयोगविहीन रहेको अवस्था छ जुन प्रतिलिपि अधिकारको चेतनाको कमीको उपज पनि हो । यस अवस्थामा CRBT मा साङ्गीतिक रचना उपयोग गरेबापत CRBT सेवा प्रदायक संस्थाले साङ्गीतिक रचनाको उत्पादकलाई रोयल्टी बुझाउनुपर्नेमा त्यसको विपरीत उक्त संस्था पनि साङ्गीतिक रचनाको वितरण एजेन्टको रूपमा रही कमिसन लिएर साङ्गीतिक रचना बिक्री गरिएको जस्तो चित्र देखापर्छ । यस प्रक्रियालाई साङ्गीतिक रचनाको उपयोग वापतको रोयल्टी निर्धारणको शर्त र सम्झौता मानिएको अवस्थामा पनि साङ्गीतिक रचनाको धनीलाई रोयल्टी तिर्नुपर्ने उपयोगकर्ताले त्यसको विपरीत उपयोग गरेवापत दस्तुर लिएको देखिने अवस्था सिर्जना भएको छ । CRBT मा उपयोग गराउनका लागि प्रष्ट रूपमा साङ्गीतिक रचनाको उत्पादक वा प्रतिलिपि अधिकार धनीबाट सम्झौता गरी लिनुपर्नेमा मध्यस्थ व्यावस्थापकको रूपमा छुट्टै व्यावसायिक संस्था बीचमा पुलको रूपमा रही त्यसले पनि रोयल्टी वापत प्राप्त हुने रकमको करीव ३० प्रतिशत रोयल्टी कमिसन स्वरूप प्राप्त गरी बाँकी रहेको जम्मा २० प्रतिशतमा पनि करीब ५ प्रतिशत कर वापतको रकम कट्टी गरी बाँकी रहने १५ प्रतिशत मात्र साङ्गीतिक रचनाको वास्तविक धनी उत्पादक वा सम्बन्धित प्रतिलिपि अधिकार धनीले प्राप्त गर्ने अवस्था छ । यसरी मोबाइलको ग्राहकले तिर्ने रोयल्टी रकमको करीव १५ प्रतिशत रकम मात्र साङ्गीतिक रचनाको आधिकारिक धनीसम्म पुग्ने देखिन्छ । यस अवस्थामा CRBT सेवा प्रदायक संस्थाले गर्ने अन्तिम भुक्तानी मोबाइलको ग्राहकले तिर्ने रकमको ५० प्रतिशतलाई उक्त CRBT सेवा प्रदायक संस्थाबाट प्राप्त भएको शत प्रतिशत रोयल्टी रकम मान्दा उक्त रकमको करीव ६० प्रतिशत रकम मध्यस्थ व्यवस्थापन संस्थाले प्राप्त गरी करीव ३० प्रतिशत मात्र साङ्गीतिक रचनाको उत्पादक तथा धनीले रोयल्टी वापत प्राप्त गर्दछ ।

यस तथ्यलाई हृदयङ्गम गर्दा नेपालमा CRBT मा साङ्गीतिक रचना उपयोग गरे वापत प्राप्त हुने रोयल्टी र त्यसको वितरण अन्तर्राष्ट्रिय मुल्यमान्यता विपरीत गैरन्यायिक ढंगले विकास भइरहेको प्रष्ट छ । यस अवस्थामा CRBT र सोमा साङ्गीतिक रचनाको उपयोग गरे वापत रोयल्टी प्राप्त गर्ने विषयमा सेवा प्रदायक संस्था साङ्गीतिक रचनाको वितरणको एजेन्ट मात्र बन्न खोज्ने हो या आफ्नो सञ्चार प्रणालीमा साङ्गीतिक रचनाको प्रसारण गर्न खोज्ने हो अवस्था प्रष्ट हुनु जरुरी छ । साथै मध्यस्थ व्यवस्थापकको भूमिकामा कुनै तेश्रो संस्थाको उपस्थितिको औचित्य, नीति र रोयल्टी संकलन अनि बाँडफाँडमा यसको आधिकारिक उपस्थितिको पनि सामयिक रूपमा प्रष्ट हुनुपर्ने देखिन्छ । अनि सम्बन्धित साङ्गीतिक रचनाको धनी, उत्पादक पनि आफ्नो रचनाको ऐन नियम बमोजिम प्राप्त हुने रोयल्टीको प्राप्तिप्रति सजग एवं क्रियाशील हुनुपर्ने देखिन्छ । अनि उत्पादकले प्राप्त गर्ने रोयल्टीको कानून बमोजिम प्रस्तोता (सानो ठूलो भूमिका निभाउने सम्पूर्ण) लाई न्यायिक वितरणको व्यवस्था गर्न आजैबाट आवश्यक भूमिका निभाउन तयार हुनुपर्ने देखिन्छ । तसर्थ साङ्गीतिक रचनामा प्रतिलिपि अधिकारको वितरण, साङ्गीतिक रचनाको CRBT मा उपयोग अनि त्यसरी उपयोग गरेबाट रोयल्टी प्राप्त गर्ने र प्राप्त रोयल्टीको वास्तविक सर्जकहरू उत्पादक, रचनाकार, प्रस्तोता इत्यादि बीच न्यायिक एवं अन्तर्राष्ट्रिय मूल्य मान्यता अनुरूप बाँडफाँडको प्रत्याभूतिको लागि आजैदेखि सम्बन्धित सबै वर्ग सचेत भै सक्रिय रूपमा छलफल बहस चलाई नयाँ नेपाल निर्माणमा बौद्धिक सम्पत्तिको भूमिकालाई अझ बढी व्यवस्थित रूपमा स्थापित गर्नु आजको आवश्यकता हो ।

(श्री सुवाल काठमाडौं स्कूल अफ ल,
भक्तपुरमा उप-प्राध्यापक हुनुहुन्छ)

## Participation on WIPO Asia-Pacific Regional Symposium

Nepal has participated WIPO Asia-Pacific Regional Symposium on Copyright Related Aspects of Information and Communication Technologies (ICT), that was held from 29 to 31 July 2009 in Hanoi, Viet Nam. The objective of the symposium was to share and exchange information and views on copyright related aspects of ICT, including Internet Intermediaries, and their role in the effective use of ICT for economic and cultural development. Mr. Narayan Prasad Aryal, Section Officer, Nepal Copyright Registrar's Office took part in the three days long symposium that was organized by the World Intellectual Property Organization (WIPO) and the Copyright Office of Viet Nam with the assistance of the Japan Copyright Office (JCO).

## Settlement of Conflicts

Nepal Copyright Registrar's Office (NCRO) has been settled down different conflicting cases related to the issues of copyright violation playing a role of arbitrator in between the conflicting parties.

## Notice for Study

Nepal Copyright Registrar's Office (NCRO) has issued a public notice for the purpose of a study report on "Folklore of Dura Community in Lamjung". The office is going to finalize the necessary evaluation and other processes in near future.

## Assistance for the Students

Nepal Copyright Registrar's Office (NCRO) has scheduled a program to provide assistance for some students studying at LLM level to write thesis on the subjects related to copyright. The notice has already been published in national newspaper. The process of selection is going on.


Copyright may or may not be available for titles, slogans or logos .

पृष्ठ ४ बाट क्रमशः .....

सरोकारित सबैले रोयल्टीमा सहभागिता जनाउन पाउने वातावरण बनाउने ।

- Online मा व्यावसायिक हिसाबले प्रयोग गरिने सांगीतिक रचनाहरूलाई आफ्नो क्षेत्राधिकारभित्र ल्याउन पहल गर्ने ।
- तोकिएको मापदण्ड बमोजिम विभिन्न प्रयोगकर्ताबाट रोयल्टी संकलन गर्न संकलनको सर्वोपयुक्त मोडेल पहिचान गरी कार्यान्वयनमा ल्याउने अर्थात संकलन गर्ने ।
- समाजमा आवद्ध स्रष्टा तथा प्रस्तोताहरूलाई निर्धारित मापदण्ड बमोजिम वर्षभरि विभिन्न स्रोतबाट संकलित रकममध्येबाट आआफ्नो हिस्सामा पर्ने रकम वितरण गर्ने । मृत्यु भइसकेकाहरूको सिर्जनाले प्राप्त गर्ने रोयल्टी निजहरूका सबैभन्दा नजिकका हकवालालाई हस्तान्तरण गर्ने र संकलन गर्न नआउनेको रकम सुरक्षित राखिदिने ।
- समाजमा आवद्ध नभएका स्रष्टालाई वितरण गर्नुपर्ने रकम तिनीहरू सदस्य नबन्दासम्म छुट्टै कोष बनाई सुरक्षित राख्ने । आवश्यक प्रक्रिया पूरा गरेपछि हस्तान्तरण गर्ने ।
- रोयल्टी संकलन गर्न छुटेका स्रोत निकायको विवरण संकलन गरी आगामी वर्षहरूमा क्रमशः रोयल्टीको दायरामा ल्याउने ।
- सम्बन्धित मन्त्रालय, कार्यालय, प्राधिकरणहरूसँग यथासम्भव छिटो वार्ता गरी निजी क्षेत्रबाट संकलन आरम्भ गर्नु अगाडि सरकारी क्षेत्रबाट उदाहरण प्रस्तुत गर्न तथा निजी क्षेत्रलाई राजी गराउन सहयोग पुग्ने गरी सरकारी स्वामित्वमा संचालित रेडियो, टि.भी, एफ.एम., एयरलाइन्स, होटल, रेष्टुरेन्ट, टेलिकम इत्यादिबाट यथासम्भव छिटो रोयल्टी निर्धारण गरी संकलन एवं वितरणको काम आरम्भ गर्ने ।
- रोयल्टी निर्धारण, संकलन र वितरण गर्ने एवं बाँकी रकम सुरक्षासाथ राख्ने सिलसिलामा पारदर्शिता अपनाउने र सबैको विश्वास आर्जन गर्ने ।
- रचनाको अनधिकृत प्रयोग तथा व्यवसाय रोक्ने एवं सम्बन्धित सबैमा सचेतना जगाई कानून कार्यान्वयनमा प्रभावकारिता ल्याउने राज्यको प्रयासमा सहयोग पुऱ्याउने ।

## संस्थाले झेल्नुपर्ने समस्याहरू:

रोयल्टी निर्धारण, संकलन र वितरणको काम थाल्दा वा सो कार्य जारी राख्दा उल्लेखित रोयल्टी संकलन संस्थाले देहायका विभिन्न समस्या तथा कठिनाई झेल्नुपर्ने हुनसक्छः-

- सम्बन्धित समाजका सदस्य, दुईवटा समाज तथा मुख्य गरी समाज एवं ध्वनिअंकन उत्पादक र रेकर्डिङ्ग कम्पनीबीच सहमति कायम गरी सौहार्दपूर्ण वातावरण बनाउने सन्दर्भमा अनेकन कठिनाईसँग जुध्नुपर्ने हुनसक्छ ।
- कार्य जिम्मेवारी एवं दायरा बढ्दै जाँदा दक्ष जनशक्तिको समस्या पर्नसक्छ ।
- आवश्यक छलफल, विमर्श र सम्झौता तथा रोयल्टी निर्धारण, संकलन एवं वितरणको काममा ज्यादा समय खर्चिनुपर्ने हुँदा समय व्यवस्थापनमा समस्या आउन सक्छ ।
- रोयल्टी संकलन एवं वितरण थालेको शुरूका केही वर्षहरूमा साधन स्रोतको समस्या झेल्नु पर्ने हुनसक्छ ।
- समाजमा आवद्ध सम्पूर्ण सदस्यहरूको चिनारी, रोयल्टी निर्धारण र वितरणको आधार, मोडालिटी, स्रोत संस्था/व्यक्ति/निकायको विस्तृत विवरणलाई अभिलेखबद्ध गर्ने क्रममा आवश्यक प्रविधिको समस्या पर्नसक्छ । उपयुक्त सफ्टवेयर किन्ने साधन र त्यो चलाउने दक्ष जनशक्तिको अभाव हुनसक्छ ।
- सरोकारीत विभिन्न पक्षहरूसँग गर्नुपर्ने सम्झौताका ढाँचा निर्धारणमा समस्याहरू झेल्नुपर्ने हुनसक्छ ।

## निष्कर्ष:

अनेकन समस्या र जटिलताका वाबजुद मुख्यगरी संगीत रोयल्टी संकलन समाजले आफ्ना गतिविधिलाई तीव्रता प्रदान गर्नु जरूरी छ । यसका लागि समाजका सदस्यहरूबीचमा पूर्ण सहमति कायम गरी सरकारी सम्बद्ध निकाय एवं सरोकारवालाहरूसँग बारम्बार छलफल गर्ने र आवश्यक कागजी प्रक्रियालाई अन्तिम रूप प्रदान गर्नेतर्फ निरन्तर खट्नुपर्छ । स्रोत निकायहरूको संलग्नता बिना तय गरिने मापदण्डमा उनीहरूले असहमति जनाए भने त्यो दिगो हुन नसक्नेतर्फ हेक्का पुऱ्याउनुपर्छ । समस्त विश्व परिदृश्य एवं राज्यभित्रका निजी क्षेत्र सामु उदाहरणको रूपमा प्रस्तुत हुन सरकारले तदारूकता देखाई आफ्नो स्वामित्वका सरोकारवाला निकायबाट तुरुन्तै रोयल्टी उपलब्ध गराउन आरम्भ गर्नुपर्छ । सरकारको यस्तो थालनीले अन्य सबैलाई सहमतिमा आउन प्रेरित गर्छ । जतिसक्दो चाँडो रोयल्टी उठाउने कार्य शुरु गर्न रोयल्टी संकलन संस्थाहरू सफल हुन्छन् त्यति नै छिटो अत्याधिक स्रष्टाहरूले यिनीहरूप्रति भरोसा गर्न थाल्नेछन् ।

***aryalnp@yahoo.com***

# Copyright Training for Government Officers

A two days training on "Situation of Copyright Law Enforcement and Responsibility of Related Organizations" has been concluded in Dhulikhel, Kavre from September 4 to 5, 2009. Thirty officers representing Nepal Police, Court, Custom, Office of Attorney General, Ministry of FA, CA, PA & Culture, Ministry of Industry, District Administration Office and Film Industry Board joined the training that was organized by Nepal Copyright Registrar's Office (NCRO). The purpose of the program was to make more responsible for all the participants and also the organizations they were representing in the cases related to copyright, and to create bases for the prevention of illegal reproduction and uses of the copyrightable materials too.



Inaugurating the two days long program, Mr. Modraj Dotel, Secretary, Ministry of FA, CA, PA & Culture expressed his view that intellectuals are not only the property of a single nation but all of the world. He assured all that he would invest most of his time to find out the proper way of protecting the rights of such intellectuals. He purposed all the officers to be sensitized in the issues of copying protection and effective as well as efficient execution of existing copyright law. He also asked them to find out loop holes and lacking in the present law and recommend better provisions that should be incorporated. While presenting his welcome remarks, Mr. Bir Bahadur Rai, Registrar, NCRO stated that the program was intended to increase the level of knowledge of officers about copyright and its different aspects; and aware them about their duties and responsibilities that they would have to play for the preservation of the rights of copyright holders. Mr. Netra Prasad Neupane, Chief District Officer (CDO), Kavre requested all not to undermine the importance of creators and their valuable creations. Police Chief of Kavre District Mr. Sandip Bhandari instructed all the sixteen police officers to utilize the knowledge learned at the program in their daily working activities in the future. Mr. Lekhnath Regmi, Judge, Kavre District Court and the Chairman of the inaugural session requested all the participants to internalize the concept that the duty of copyright protection is their own too. He also advised them to present alternatives for the effective enforcement of copyright legislation. The whole program where all total seven papers were presented on different topics was conducted by Mr. Narayan Prasad Aryal, Section Officer, NCRO.

## Registration of Creations up to November 15, 2009




Total: 697

## सेवाप्रदायक संस्थाहरूबाट रिङ्गटोन उपलब्ध गराउँदा ध्यान दिनुपर्ने कुराहरू



- कुनै रचनाको नैतिक तथा आर्थिक अधिकार सो को रचयितामा मात्र निहित हुने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ ले गरेको छ। नैतिक अधिकार हस्तान्तरण हुन नसक्ने र रचनाकारको जीवनभर र मृत्युपश्चात् पनि यस्तो अधिकारको संरक्षण हुने व्यवस्था ऐनले गरेको छ।
- रचनाकारले आफूमा निहित आर्थिक अधिकार सम्झौताद्वारा अर्को पक्षलाई हस्तान्तरण गर्न सक्ने व्यवस्था ऐनमा छ।
- मोवाइलमा प्रयोग हुने सांगीतिक धुन सेवा प्रदायक संस्थाले सेवाग्राहीसम्म पुऱ्याउँदा त्यस्तो सांगीतिक धुनमा आर्थिक अधिकार प्राप्त पक्षको अनिवार्य सहमति लिनु पर्दछ।
- विदेशी गीत/संगीतको धुन प्रयोग गर्दा समेत उल्लेखित पक्षमा ध्यान दिनु जरूरी हुन्छ।
- सेवा प्रदायक संस्थाले लिखित सम्झौताको माध्यमद्वारा त्यस्ता सांगीतिक धुनको प्रयोग मोवाइलमा गर्ने विषयमा सम्बन्धित पक्षसँग अधिकार हस्तान्तरण गराई लिन सक्तछन्।
- कुनै पनि गीत संगीतको आर्थिक अधिकार ध्वनिअंकन संस्थामा मात्र निहित रहेको भए त्यस्ता गीत संगीतको प्रयोग गर्दा सम्बन्धित संस्थासँग अनिवार्य सम्झौता गरेर मात्र सांगीतिक धुनहरू प्रयोगमा ल्याउनु पर्दछ।
- मोवाइलमा प्रयोग हुने सांगीतिक धुनमा संगीतकारको अधिकार सुरक्षित हुन्छ।
- बिना इजाजत सांगीतिक धुनहरू सार्वजनिक एवं व्यापारिक प्रयोजनार्थ प्रयोग गर्नु गैरकानूनी कार्य हुन्छ।
- मोवाइलमा गीत प्रयोग गर्नुपर्दा सम्बन्धित गीतकार/संगीतकार/गायकगायिकाको लिखित सहमति अनिवार्य रूपमा लिनुपर्दछ। त्यस्तो गीतमा चलचित्र निर्माता वा ध्वनिअंकन उत्पादक संस्थाको अधिकार स्थापित हुने गरी सम्झौताद्वारा व्यवस्था गरिएको भए त्यस्ता चलचित्र निर्माता/ध्वनिअंकन उत्पादक संस्थाबाट सहमति लिनुपर्छ।

### सम्पादकीय



वीरबहादुर राई
रजिष्ट्रार

## नयाँ CMO को गठन

प्रतिलिपि अधिकार ऐन र नियमलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्नको लागि नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, प्रहरी, सरकारी वकिलको कार्यालय, अदालत र भन्सार कार्यालयहरूको भूमिका महत्वपूर्ण रहेको छ। कानुनको प्रभावकारी कार्यान्वयनको लागि सरकारी निकायहरू (Agencies) को साथै गैरसरकारी त्यसमा पनि सम्बद्ध सरोकारवालाहरूको संस्थाहरूको भूमिका त्यत्तिकै महत्वपूर्ण र अहम् रहेको हुन्छ। वर्तमानमा नेपाल सरकारले मूलत: हरेक विषयमा हात नहाली केवल सहयोगी, सहजकर्ता, नियमनकर्ताको भूमिका निर्वाह गर्ने नीति अवलम्बन गर्दै आएको छ। हुनत यसो भन्दा राज्यको तर्फबाट आम स्रष्टाको पक्षमा काम नगरी भाग्न खोजेको आरोप पनि लाग्न सक्दछ। तर पनि नेपाल सरकारको प्रतिनिधिमूलक संस्थाको रूपमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय आम स्रष्टाको हितको पक्षमा क्रियाशील रहँदै आएको छ। नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापनापछि पहिलो समाजको रूपमा सङ्गीत रोयल्टी संकलन समाज स्थापना भई समाजको उद्देश्य अनुरुप सङ्गीतको क्षेत्रमा रोयल्टीको मापदण्ड निर्धारण गर्ने, रोयल्टी संकलन गर्ने, संकलित रोयल्टी सही रूपमा वितरण गर्ने जस्ता कार्यमा सशक्त रूपमा कार्यरत रहेको छ। यस्तै उद्देश्य अनुरूप अर्को समाजको रूपमा गायन विधामा "नेपाल गायन समाज" गठन/दर्ता भै आफ्नो कार्य शुरु गरिसकेको छ। मूलत: स्रष्टाहरूको पक्षमा विभिन्न हितकारी कार्य गर्नको लागि सरकारको तर्फबाट स्थापित रजिष्ट्रारको कार्यालयले विभिन्न नीतिगत, जनचेतनामूलक कार्य, तालीम, गोष्ठी र अन्तरक्रियाका साथै स्रष्टाका हितमा अन्य विभिन्न कार्यहरू गर्दै आएको छ। प्रतिलिपि अधिकारका विविध क्षेत्रहरूमध्ये हालसम्म सङ्गीत र तत्सम्बन्धी अधिकारको क्षेत्रमा गायन समाजको स्थापना भएको छ। ऐनमा विधागत समाजको गठन गर्ने कानुनी व्यवस्था भएपनि सबै विधामा समाज गठन हुन सकेको छैन। विधागत समाजको गठन भएको अवस्थामा तत् तत् क्षेत्रका स्रष्टाहरू एकबद्ध भई आफ्ना लागि कार्य गर्ने र त्यसबाट राज्यको नीतिमा समेत सकारात्मक प्रभाव पर्ने देखिन्छ। सहभागितामूलक र सहकार्यको वर्तमान प्रजातान्त्रिक समाजमा यो महत्वपूर्ण मात्र हैन, आवश्यकता र अपरिहार्य पनि हो। नेपालमा प्रतिलिपि अधिकारले उच्च प्राथमिकता पाइनरहेको अवस्थामा यस्ता विभिन्न समाजको जन्म हुँदा सो विधाका स्रष्टाहरूले आफ्ना समस्या र समाधानका लागि चाल्नुपर्ने विषयहरूको पहिचान गर्न तथा आफै भित्रबाट र बाहिरबाट समाधान गर्न र आफ्ना समस्याहरू राज्य समक्ष सामुहिक रूपमा राख्नको लागि पनि सहज हुने देखिन्छ। Piracy, रचनाको अनधिकृत प्रयोग, स्रष्टाको आर्थिक र नैतिक अधिकारको उल्लंघन आदिको कारण स्रष्टाहरू विभिन्न प्रकारको मारमा परेका छन्। यस्ता समस्याको प्रभावकारी समाधानको लागि सबै पक्ष (सरकारी निकाय, सम्बद्ध सरोकारवाला र विधागत समाज) को भूमिकालाई उजागर गर्नुपर्ने हुन्छ। विधागत समाजको गठन र संचालनले समग्र स्रष्टाका पीर मर्का र उनीहरूले भोग्नु परेका समस्याहरूलाई प्रत्यक्ष रूपमा उजागर गर्नुका साथै उनीहरूसँग सहकार्य गर्न समेत मद्दत मिल्न सक्नेछ। साथै समग्रमा प्रतिलिपि अधिकारको क्षेत्रमा विधागत समाजको स्थापनाले प्रतिलिपि अधिकारको क्षेत्रमा हुने धेरै प्रकारका विकृत र अनधिकृत कार्यहरूलाई रोक्ने र राम्रा कार्यहरूको उजागर गर्दै प्रवर्द्धन गर्न मद्दत पुग्ने कुरामा दुई मत नहोला।

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट नि:शुल्क वितरण गरिन्छ। यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित। प्रिन्टिङ्ग : सगुन प्रिन्टिङ्ग प्रेस, टेकु।